बैठक संख्या:

आज मिति २०८१ फागुन ०६ गतेका दिन यस आदर्श गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गणेश बहादुर खडकाज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरि निम्नलिखित निर्णय पारित गरियो ।

**उपस्थिति**

१) अध्यक्ष श्री गणेश बहादुर खडका

२) उपाध्यक्ष श्री लक्ष्मी धामी (रोकाया)

३) सदस्य श्री भरत बहादुर खडका

४) सदस्य श्री रमेश बहादुर साउँद

५) सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

६) सदस्य श्री खगेन्द्र राज ओझा

७) सदस्य श्री उत्तम बहादुर सिंह

८) सदस्य श्री लाल ब खडायत

९) सदस्य श्री लाल ब विष्ट

१०) सदस्य श्री कमला खडका

११) सदस्य श्री नन्दा बलायर (रोकाया)

१२) सदस्य श्री निर्मला देवी रोकाया

१३) सदस्य श्री ललिता वि.क.

१४) सदस्य श्री माने दमाई

१५) सदस्य श्री बहादुरे ढोली

१६ सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

**अन्य उपस्थिति**

१) प्रशासकीय अधिकृत श्री षडानन्द ओझा

२) गणेश राज ओझा (ना.सु.)

३) विजय राज जोशी (लेखापाल)

४ डिल्ली राज जोशी (आ.ले.प.)

५) डबल बहादुर भाट (सहायक)

६) तेज बहादुर साउँद (क.अ.)

प्रस्तावहरु

१) अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम सम्बन्धमा ।

२) पालिकास्तरिय स्वास्थ्य बिमा समिति गठन सम्बन्धमा ।

३) ५ नं.वडाको एम्बुलेन्स सञ्चालन सम्बन्धमा ।

४) उपभोक्ता समितिबाट प्रदेशस्तरिय योजना कार्यान्वयन सम्बन्धमा ।

५) गिरिचौकामा प्रहरी बिट माग गर्ने सम्बन्धमा

६) स्थायी खाद्य डिपो संस्थान माग सम्बन्धमा ।

७) संघीय समपुरक योजना तथा विशेष योजना माग सम्बन्धमा ।

निर्णय नं.१ -आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रममा अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम समावेस गरिएकोमा आदर्श गाउँपालिका अन्तरगत रहेका जेष्ठ नागरिकहरुलाई नसर्ने रोगहरुको जाँचपडताल तथा उक्त कार्यक्रम सञ्चालन गर्नको लागि स्वास्थ्य शाखालाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.२ - स्वास्थ्य सेवालाई सरल एवं सहजरुपले नागरिकहरुलाई उपलब्ध गराउनको लागि स्वास्थ्य बिमा निकै सहयोगीको भूमिका निर्वाह गर्ने भएको हुँदा देहाय बमोजिको पालिकास्तरिय स्वास्थ्य बिमा समिति गठन गरियो ।

देहाय
अध्यक्ष श्री गणेश बहादुर खड्का (गा.पा.अध्यक्ष)
सदस्य श्री रमेश बहादुर साउँद (वडा अध्यक्षहरु मध्यबाट)
सदस्य श्री महेन्द्र बहादुर खड्का (स्वास्थ्य शाखा प्रमुख)
सदस्य श्री (स्वास्थ्य शाखाबाट)
सदस्य श्री (बिमा बोर्ड प्रतिनिधि)
सदस्य श्री (म.स्वा.स्व.से.प्रतिनिधि)
सदस्य सचिव श्री पदम राज अवस्थी (प्रमुख प्रशासकीय अधिकृत)

निर्णय नं.३ -आदर्श गाउँपालिका वडा नं.५ को कार्यालयले एम्बुलेन्स खरिद गरी बिरामीहरुको सेवा प्रवाह गर्नको लागि लामिखाल स्वास्थ्य चौकीलाई हस्तान्तरण समेत गरिसकेको अवस्था देखिएको हुँदा अर्को व्यवस्था नहुन्जेल सम्मका लागि गाउँकार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत मिन बहादुर रोकायालाई चालकको जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.४ - सुदुर पश्चिम प्रदेश सरकारको आ.व.२०८१।०८२ मा यस आदर्श गाउँपालिका अन्तरगत देहाय बमोजिमका धार्मिक एवं पर्यटकिय पूर्वाधार निर्माण कार्यमा बजेट विनियोजन भएको हुँदा उक्त योजना कार्यान्वयनको लागि ईबिडिङ्ग गर्ने भन्ने निर्णय भएकोमा विविध कारणवस ईबिडिङ्गबाट हुन नसक्ने भएको प्राविधिकको सिफारिसको अवस्थालाई मध्यनजर गरी उक्त योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय

क) देतिमाण्डी दुर्गामाता पर्यटकीय पूर्वाधार विकास निर्माण कार्यक्रम आदर्श ४ डोटी ।

ख) नगरदह जलाधाम शिवालय पर्यटकीय पूर्वाधार निर्माण योजना आदर्श २ डोटी ।

निर्णय नं.५ - यस आदर्श गाउँपालिका वडा नं.६ गिरिचौकामा शान्ति सुरक्षा कायम राख्नको लागि प्रहरी बिटको एकदमै आवश्यकता रहेको हुँदा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय डोटी समक्ष उक्त वडा नं.६ गिरिचौकामा प्रहरी बिटको मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.६ यस आदर्श गाउँपालिका वडा नं.२ अन्तरगत मौवानगरदहमा रहेको अस्थायी खाद्य डिपो संस्थानलाई स्थायी खाद्य संस्थानमा परिणत गर्नको लागि नेपाल खाद्य संस्थान एवं अन्य सरोकारवाला निकाय समक्ष मागको लागि सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७ यस आदर्श गाउँपालिका अन्तरगत आ.व.२०८२।०८३ का लागि देहाय बमोजिमका समपुरक तथा विशेष योजना मागका लागि राष्टिय योजना आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**देहाय**

क) संघीय समपुरक योजनाहरु:

| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित लागत बजेट | योजना पुरा अवधि |
|---|---|---|---|---|
| १ | मौवा गिरिचौका सडक निर्माण | आदर्श गा.पा.डोटी | | क्रमागत |
| २ | मौवा लामिखाल सडक निर्माण | आदर्श गा.पा.डोटी | ७ करोड | ३ वर्ष |
| ३ | सरस्वती आ.वि.चांसी विद्यालय भवन निर्माण | आदर्श गा.पा.१ डोटी | ३ करोड | २ वर्ष |
| ४ | १५ शैया अस्पताल निर्माण | आदर्श गा.पा.डोटी | ५ करोड | २ वर्ष |

ख) विशेष योजनाहरु:

१) सौखोला बविना गिरिचौका खानेपानी निर्माण आदर्श ६ डोटी ।

२) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम आदर्श गा.पा.डोटी ।

३) शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम आदर्श गा.पा.डोटी ।